# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १८ मितिः २०८३।१।९

**भाग — २**

## कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

# कागेश्वरी मनोहरा (मुलपानी) नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

कागेश्वरी मनोहरा नगरपालिका
डाँछी,काठमाडौं, बागमती प्रदेश
नेपाल

# कागेश्वरी मनोहरा (मुलपानी) नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

## प्रस्तावना :

कागेश्वरी मनोहरा नगरपालिकाभित्र आधारभूत स्वास्थ्य सेवाबाट कुनैपनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गर्दै नेपालको संविधानले स्थानिय सेवालाई प्रत्याभुत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न नगरपालिकाबाट उपलब्ध हुने आधारभुत स्वास्थ्य सेवा लगायतको विशिष्ट स्वास्थ्य सेवालाई सहज प्रभावकारी व्यवस्थित र गुणस्तरीय बनाउन कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासकीय कार्यविधव (नियमित गर्ने) ऐन २०७४ को दफा ३ बमोजिम कागेश्वरी मनोहरा नगरपालिका नगरकार्यपालिकाले यो कार्यबिधि बनाई लागू गरिएको छ ।

# परिच्छेद — १

# प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम "कागेश्वरी मनोहरा नगर अस्पताल(मुलपानी) संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०" रहेको छ

यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानिय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क)"नगरपालिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले नगर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०७६ को दफा ३ बमोजिम गठित नगर अस्पताल व्यवस्थापनको कार्यकारी समिति सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले नगर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०७६ को दफा ३ बमोजिम गठित नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "अस्पताल" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाले संचालन गरेको नगर अस्पताल सम्झनु पर्दछ ।

(ङ) "अस्पताल प्रमुख" भन्नाले नगरपालिका अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०७६ को दफा ६ बमोजिम तोकिएको कार्यकारी निर्देशक सम्झनुपर्दछ ।

(च) "कार्यपालिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ ।

(छ) "कार्यविधि" भन्नाले मुलपानी नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० सम्झनु पर्दछ ।

(ज) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम

सम्बन्धित परिषद द्वारा अनुमति प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(झ) "पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(ञ) "शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ ।

(ट) "सेवाग्राही" भन्नाले नगर अस्पताल तथा स्वास्थ्य संस्थामा सेवा लिने व्यक्ति सम्झनु पर्दछ ।

(ठ) "खरिद ईकाइ" भन्नाले यस कार्यविधि अनुसार अस्पताललाई आवश्यक पर्ने मेसिन, औजार, उपकरण, सवारी साधन, रि एजेन्ट, औषधीजन्य पदार्थ लगायत आवश्यक पर्ने वस्तु तथा सामानहरु खरिद प्राप्तीको लागि सम्पूर्ण कार्य गर्न अस्पतालमा गठन गरिएको खरिद ईकाइ सम्झनुपर्दछ।

## परिच्छेद — २
## जनशक्ति व्यवस्थापन

**३. अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै संगठन संरचना हुनेछ । अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोही आधारमा संगठन संरचना तथा दरबन्दी समितिको सिफारिसमा नगर कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

**४. कर्मचारी व्यवस्थापनः** (१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी निर्धारण गरे अनुसार तपसिल बमोजिमका कर्मचारीहरुको व्यवस्था हुनेछ ।

(क)नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य सेवाका जनशक्ति र प्रदेश, नगरपालिकाबाट स्थायी पदपुर्ति भएका जनशक्ति ।

(ख) समितिको निर्णय अनुसार करार मासिक ज्यालादारी वा डोर हाजिर सेवामा भर्ना गरीएका कर्मचारी,

(ग) छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विध्यार्थीहरुले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पुर्ण वा आशिंक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरी छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी,

(घ) विषय विज्ञको रुपमा आंशिक वैतनिक वा अवैतनिक स्वेच्छिक सेवा उपलब्ध गराएका व्यक्तिहरु,

(ङ) विभिन्न शैक्षिक संस्थावाट इन्टर्नसिप OJT गर्न आएका विद्यार्थीहरु ,

(च) नेपाल सरकारबाट छात्रवृत्ती करार अन्तर्गत पठाएको स्वास्थ्यकर्मी

(२) अस्पतालको कार्य बिस्तार हुदै गर्दा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कायम भएको

दरबन्दीको जनशक्तिले अपुग हुने भएमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक पर्ने जनशक्तिको दरबन्दी संशोधन गर्न सक्नेछ । यसरी दरबन्दी संशोधनको लागि पेश गर्दा थप हुने जनशक्तिले सम्पादन गर्ने कार्यविवरण उक्त कार्य हालको जनशक्तीले सम्पादन गर्न नसक्ने कारण र व्ययभार व्यहोर्ने स्रोत समेत खुलाई विवरण पेश गर्नु पर्नेछ ।

(३) समितिले जनशक्तिको क्षमता अभिवृदिको लागि आवश्यकता अनुसारको तालिम तथा प्रशिक्षण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) समितिले सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासंगको साझेदारीमा व्यक्ति सेवा करार मार्फत पनि दक्ष जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

**५. अभ्यासकर्ता सम्बन्धी व्यवस्थाः** अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारले छात्रवृतिमा अध्ययन गरेका विध्यार्थी तथा न्युनतम शैक्षिक योग्यता पुगि सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विध्यार्थीहरुलाई अस्पतालले प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

**६. कर्मचारी तथा स्वास्थ्यकर्मिहरुको सेवा सुविधाः**

(१) कर्मचारी तथा स्वास्थ्यकर्मिहरुको सम्पुर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा बिदा प्रचलित कानुन अनुसार समितिले तोके बमोजिम हुनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत कर्मचारीहरु तथा सो भन्दा पछाडी नियुक्ती भएका कर्मचारीहरुलाई अस्पतालको आर्थिक क्षमतालाई मध्येनजर गरी समितिले थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम नियुक्त कर्मचारीहरुको सेवा शर्त र सुविधा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४) नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालका स्वास्थ्यकर्मी तथा कर्मचारी र बाह्य क्षेत्रबाट आमन्त्रण गरिएका स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ।

५) यस दफा बमोजिम  कर्मचारीलाई थप सुविधा प्रदान गर्दा अस्पतालको आर्थिक सक्षमताको बारेमा ध्यान दिनुपर्नेछ।

# परिच्छेद — ३
## बजेट तर्जुमा, कोष संचालन तथा लेखा परीक्षण

**७. आयव्यय तयार गरी पेश गर्ने:**(१) अस्पतालले प्रत्येक वर्ष आगामी वर्षको आयव्ययको लेखाजोखा गरी समितिमा पेश गर्नु पर्नेछ । समितिले सो बजेटमा छलफल गरी बजेट पारित गर्नेछ ।

(२) अस्पतालले बजेट स्वीकृतीको लागि समितिमा पेश गर्दा शिर्षकगत रुपमा बजेट तयार गरी पेश गर्नु पर्नेछ ।

(३) समितिबाट बजेट स्वीकृत भएपछि अध्यक्षले अस्पताल प्रमुखलाई खर्च गर्ने अख्तियारी दिनेछ ।

(४) समितिले स्वीकृत गरेको बजेटको कुनै शिर्षकमा बिनियोजित रकम नपुग भएको र कुनै शिर्षकमा बचत हुने अवस्था भएमा वा बजेट स्वीकृत गर्दा रकम बिनियोजन गर्नु परेमा समितिले निर्णय गरी रकमान्तर थप गर्न सक्नेछ ।

**८. सामाजिक सेवा ईकाइ**

(१) कागेश्वरी मनोहरा (मुलपानी) नगर अस्पतालमा एक सामाजिक सेवा ईकाइ रहनेछ ।

(२) कागेश्वरी मनोहरा (मुलपानी) नगर अस्पताल को नाममा छुट्टै कोष रहनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा हुनेछन् र अस्पतालको खर्च सोही कोषबाट व्यहोरिनेछ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) नगरपालिकाबाट प्राप्त रकम ।

(ग) अस्पतालले उपलब्ध गराउने सेवा वापत प्राप्त आम्दानी वा स्वास्थ्य विमा कार्यक्रमबाट प्राप्त रकम ।

(घ) बैदेशिक अनुदान, विदेशी कुनै व्यक्ति, संघसंस्थाबाट प्राप्त रकम ।

(ङ) स्वदेशी कुनै व्यक्ति, संघसंस्थाबाट प्राप्त रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(४)उपनियम (३) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु भन्दा अगाडि प्रचलित कानुन बमोजिम स्विकृति लिनु पर्नेछ ।

(५) अस्पताललाई प्राप्त हुन् सबै प्रकारका आम्दानी उपदफा बमोजिमको कोषमा जम्मा गरी सम्पुर्ण खर्च समितिको निर्णयअनुसार हुनेछ ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एंव मुल्य मान्यताको प्रतिकुल नहुने कुराको सुनिश्चित गरी आन्तरीक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

(७) अस्पतालले सेवा प्रवाह गरेवापत प्राप्त हुने शुल्क, स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत औषधि बिक्रि

बितरणबाट हुने रकम प्राप्त भएको २४ घण्टा भित्र बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(८) सो को अन्य सम्पूर्ण व्यवस्थापन कार्य स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम हुनेछ।

**९. कोष तथा खाता संचालनः**

(१) अस्पतालको आय व्यय लेखा दुरुस्त राख्नका लागि अस्पताल प्रमुख वा निजले तोकेको ब्यक्ति तथा लेखा प्रमुखको संयुक्त दस्तखतबाट कोषको खाता संचालन हुनेछ ।

(२) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा तथा प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ । अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ, साथै नगरपालिकाको खरिद ऐन समेत प्रयोग हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित कोष संचालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धि कार्यबिधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, आन्तरीक लेखापरिक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमेजिम हुनेछ ।

(६) माथि उपदफा (२) मा जे सुकै कुरा लेखेको भएतापनि , अस्पताललाई चाहिने मेसिन, औजार, उपकरण, सवारी साधन, औषधी लगायत वस्तु, सेवा एवं सामग्रीहरुको गुणस्तरियता र विश्वसनियतालाई कायम राख्न खरिद ईकाएको सिफारिसमा व्यवस्थापन समितिले निर्णय गरेमा कुनै कम्पनी वा उत्पादकले उत्पादन गरेका त्यस्ता सामग्रीहरु त्यस्ता कम्पनी वा उत्पादक संस्थाले प्रकाशित गरेको मुल्य सूचीलाई आधार मानी प्राप्त भए सम्म समान प्रकृतिका ३ वटा उत्पादक/अधिकृत बिक्रेता कम्पनीहरुको मूल्य लिई सबैभन्दा न्यूनतम मूल्य कायम गर्न मन्जुर कम्पनी वा उत्पादन संस्थासँग सम्झौता गरि सोझै खरिद प्राप्ती गर्न सकिनेछ।

**१०. आन्तरिक नियन्त्रण तथा लेखा परिक्षणः**

(१) समितिको आय व्ययको लेखा महालेखा नियन्त्रकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिले तोकिए बमोजिम अस्पतालको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(३) आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट र अन्तिम लेखापरिक्षण प्रचलित कानुन बमोजिम मान्यता प्राप्त (आइक्यानमा दर्ता भएको) लेखापरिक्षक फर्म वा कम्पनीबाट हुनेछ ।अन्तिम लेखा परिक्षकको नियुक्ति समितिले गर्नेछ ।

(४) नगरपालिकाले जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

(५) अस्पतालको मासिक प्रगती प्रतिबेदन तयार गरी समितिको बैठकमा पेश गर्नुको साथै प्रगती प्रतिवेदन नगरपालिकामा समेत पेश गर्नु पर्नेछ ।

**११. आकष्मिक कोषको व्यवस्था:**

(१) अति विपन्न, असाहाय तथा वेवारिसे बिरामीको उपचारको लागि अस्पतालले एक आकष्मिक कोषको स्थापना गरी सो कोषबाट आवश्यक उपचारको व्यवस्था मिलाउनेछ ।

(२)उपदफा (१) बमोजिमको कोषमा अस्पतालले मासिक आम्दानीको ५ प्रतिशत रकम जम्मा गर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा अस्पताल प्रमुख वा निजले तोकेको व्यक्ति  र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) त्यस्तो कोषमा जम्मा गर्ने रकम नगरपालिका वा अन्य संघ संस्था वा सरकार वा व्यक्तिले समेत उपलब्ध गराउन सक्नेछ ।

(५) असाहाय तथा अति बिपन्न परिवारको निशुल्क उपचार गर्दा समितिका अध्यक्षको सिफारिशका आधारमा र बेवारिशे बिरामीको निशुल्क उपचार गर्दा समितिका अध्यक्ष वा ईलाका प्रहरी कार्यालय वा सम्बन्धित वडाको वडाध्यक्षको सिफारिसको आधारमा गरिनेछ ।

६. विपन्न नागरिक, बेवारिसे ठेगाना पत्ता नलागेको, मानसिक सन्तुलन नभएको बिरामीलाई यस अस्पतालबाट प्रदान गरिने सेवाहरु निःशुल्क रहनेछन् ।

**१२. स्वास्थ्य बीमा सोधभर्ना रकम खर्च सम्बन्धी व्यवस्था:**

(१) स्वास्थ्य बीमा कार्यक्रमका सदस्यहरुलाई अस्पतालले सेवा उपलब्ध गराए वापत स्वास्थ्य बीमा वोर्डबाट सोधभर्ना प्राप्त रमकलाई देहाय बमोजिमको शिर्षकमा खर्च गरिनेछ ।

| | |
|---|---|
| (क) औषधी खरिदका लागि | -३५ प्रतिशत |
| (ख) मेशिनरी औजार उपकरण खरिदको लागि | -३० प्रतिशत |
| (ग) जनशक्ति व्यवस्थापन | -२० प्रतिशत |
| (घ) प्रशासनिक खर्चको लागि | -१५ प्रतिशत |

(२) उपरोक्तानुसारको खर्च प्रतिशतमा समितिले अस्पतालको आवश्यकताका आधारमा १० प्रतिशतसम्म थपघट गर्न सक्नेछ।

३) अस्पतालले प्रत्येक वर्ष आय व्यय अनुमान पेश गर्दा स्वास्थ्य बिमा बोर्डबाट सोधभर्ना प्राप्त हुन सक्ने रकम समेतको अनुमान गरी पेश गर्नुपर्नेछ।

४) स्वास्थ्य वीमासंग आबद्ध कर्मचारीहरुलाई समितिले निर्धारण गरे वमोजिमको अतिरिक्त सेवा सुविधा प्रदान गर्न सकिने छ ।

## परिच्छेद — ४

## जिन्सी मालसामान, औषधी तथा उपकरण व्यवस्थापन

**१३. जिन्सी व्यवस्थापनः**

(१) अस्पतालको जिन्सी व्यवस्थापनको लागी महालेखा नियन्त्रकको कार्यालयद्वारा तोकिएको ढाँचामा जिन्सी मालसामानको आम्दानी तथा खर्च अभिलेख राख्नु पर्नेछ ।

(२) जिन्सी खातामा अस्पताल आफैले खरिद गरेका सामान, कुनै संघसंस्थाबाट प्राप्त भएका मालसामान, दातृ निकाय राष्ट्र वा व्यक्ति संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको सामान आम्दानी बाध्नु पर्नेछ ।

(३) कुनै निजि/गैरसरकारी संघसंस्था, दातृ निकाय राष्ट्र वा व्यक्ति संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको सामान आम्दानी बाँधी त्यसपछि बस्ने समितिको बैठकमा जानकारी गराउनु पर्नेछ ।

(४) अस्पताल प्रमुख वा निजले तोकेको ब्यात्तिले प्रत्येक आ.व. समाप्त भएपछि जिन्सी मालसमानको निरिक्षण तथा सुपरीवेक्षण गराउनुपर्नेछ ।

(५) अस्पताल प्रमुखले वर्षको कम्तीमा एकपटक जिन्सी निरीक्षण गर्न लगाई जिन्सी सामानको अध्यावधिक अवस्थाको बारेमा समिति प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।त्यस्तो प्रतिवेदनको एक प्रति नगरपालिकामा समेत पेश गर्नु पर्नेछ ।

(६) साविक मुलपानी प्राथमिक स्वास्थ्य केन्द्रको नाममा रहेका तथा प्राप्त भएका सबै चल अचल सम्पति यसै कार्यविधि बमोजिम मुलपानी नगर अस्पतालको नाममा स्वतः हस्तान्तरण हुनेछ ।

(७) अस्पतालले आफुलाई आवश्यक पर्ने मालसामान आपुर्ति गर्ने फर्म, कम्पनीलाई प्रचलित कानुन बमोजिम मौजुदा सुचीमा सुचीकरण गर्नुपर्नेछ ।

**१४.औषधी खरिद, भण्डारण तथा वितरणः**

(१) नगरपालिकाबाट निःशुल्क वितरण गर्ने औषधी तथा अस्पताल फार्मेसीबाट बिक्री बितरण गर्ने औषधी पर्याप्त नभएमा समितिबाट निर्णय गराई अस्पतालले आवश्यक पर्ने औषधी आर्थिक प्रशासन सम्वन्धी प्रचलित कानुनी व्यवस्था अनुसार खरीद गर्न सक्नेछ ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरिद योजना बनाई समितिबाट स्वीकृत गर्नु पर्नेछ ।

(३)अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधी नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नु पर्नेछ ।

(४) अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा  औषधीको माग तथा आपुर्तिको सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नु पर्नेछ ।

(६) औषधी आपुर्ति तथा वितरणलाई पारदर्शि बनाउन अस्पताल प्रमुखले एक जना व्यक्ति तोक्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी स्रेस्ता मिलाउनु पर्नेछ र दैनिक औषधीको खपतलाई मौज्दात दैनिक अभिलेख राख्नु पर्नेछ ।

(८) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनु पर्नेछ ।

(क) औषधीको सेवन गर्ने विधि र मात्रा

(ख) औषधीको सेवन विधि

(ग) औषधीबाट प्राप्त हुन सक्ने प्रतिअसर

(घ) औषधी सेवन अवधिभर अपनाउनु पर्ने सावधानी

(ङ) औषधी सुरक्षित राख्ने स्थान

(९) औषधी वितरण गर्दा औषधी बिक्रि वितरण सम्बन्धि प्रचलित कानुनको पालना गर्नु पर्नेछ ।

(१०) अस्पतालले आपुर्ति व्यवस्थापन सुचना प्रणालीमा नियमित रुपमा औषधी उपकरणको विवरण पठाउनु पर्नेछ ।

(११) **खरिद ईकाई सम्बन्धी व्यवस्था:** अस्पताललाई आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणका साथै अन्य मालसामानहरुको खरिदको लागि नियमानुसार खरिद योजना बनाउन, आवश्यकताको पहिचान गर्न, खरिद सम्बन्धी कार्य गर्नको लागि समितिले तोके बमोजिमका संयोजक तथा सदस्य रहने गरी एक खरिद ईकाई गठन गरिनेछ ।

माथि जुनसुकै कुरा लेखिएको भए तापनी औषधी खरिद सम्बन्धी निर्णय गर्दाको अवस्थामा औषधी व्यवस्थापन शाखाको प्रमुख र मेशिनरी औजार खरिद गर्दा प्रयोगशाला प्रमुखले सदस्यको रुपमा ईकाईको बैठकमा भाग लिनेछन् । खरिद ईकाईले मालसामान खरिद गर्नु भन्दा पहिला समितिबाट निर्णय गराउनु पर्नेछ ।

१२. फार्मेसी संचालन गर्नेः

(१) निःशुल्क औषधी वितरण तथा अस्पतालमा आवश्यक औषधी बिक्रि बितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्नेछ ।

(२) फार्मेसी मार्फत बिक्रि बितरण गर्ने औषधीको व्यवस्थापन अस्पताल आफैले गर्नेछ ।

(३) फार्मेसी संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद-५

## सेवा प्रवाह तथा व्यवस्थापन

**१५. सेवा व्यवस्थापन :**

(१) अस्पतालको प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहरु, ईमरजेन्सी कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।

(२) अस्पतालले बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनुपर्नेछ।

(३) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार र समय) खुल्ने गरी सबैले देख्ने ठाँउमा राख्नुपर्नेछ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदा गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(५) बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ।

(६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउनुपर्नेछ।

(७) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमक रोकथाम र नियन्त्रणको व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनु पर्नेछ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनुपर्नेछ।

(१०) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले

तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात भुने ठाँउको व्यवस्था हुनुपर्नेछ। शौचालय र हात धुने ठाँउमा नियमित रुपमा पानी र अन्य सरसफाइ सामाग्री उपलब्ध गराउनु पर्नेछ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथ उचित बिसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(१३) अस्पताल परिसर तथा सेवा प्रवाह कक्षहरु नियमित रुपमा सफासुग्घर राख्नुपर्नेछ।

(१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नु पर्नेछ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँसहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था गर्नु पर्नेछ।

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसैघण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्ध पानी आपूर्ति हुनुपर्नेछ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै विभागहरुमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक व्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनु पर्नेछ।

(१८) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराएको हुनुपर्नेछ। थप निशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा पेश गरी वार्षिक रुपमा शोधभर्ना उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ।

(२०) अस्पतालले प्रयोग गर्ने मेशिनरी उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनु पर्नेछ।साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरु कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२१) अस्पतालको भवन, सवारीसाधन, मेसिनरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत संभार गर्ने व्यवस्था हुनुपर्नेछ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रवन्ध मिलाउनुपर्नेछ।

(२३) आपतकालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरुको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री मौज्दात राख्ने व्यवस्था हुनु पर्नेछ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षा गार्डको व्यवस्था भएको हुनु पर्नेछ।

(२५) अस्पतालमा सरसफाईको लागि पर्याप्त माग सरसफाइकर्मीको व्यवस्थापन गर्नुपर्नेछ ।

(२६) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा संचालन

गर्न समितिले छुट्टै कार्य संचालन निर्देशिका तयार गरी लागु गर्न सक्नेछ।

(२७) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालबालिका र अपाङ्गमैत्री हुनुपर्नेछ। साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचर राख्नुपर्नेछ र त्यस्ता सामग्रीहरु सेवाग्राहीले सहज रुपमा देख्ने ठाँउमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(२८) स्वास्थ्य सेवा संचालन र पूर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

(२९) अस्पलालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाँउमा राख्नुपर्नेछ।

(३०) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभुत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ। आधारभुत सेवा बाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य बीमा भएको हकमा सोही बीमाबाट र बीमा नभएको वा बीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति निजको अभिभावक, परिवारका सदस्य, संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नुपर्नेछ।

(३०) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट वञ्चित गरिनेछैन। अति विपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई अस्पतालको आकस्मिक उपचार कोषबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनुपर्नेछ।

**१६. एम्बुलेन्स संचालन :**

(१) अस्पताललले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा आवश्यक संख्यामा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ।

(२) एम्बुलेन्स संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(३) एम्बुलेन्स सेवा प्रदान गरेबापत लाग्ने सेवा शुल्क समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(४) एम्बुलेन्स सेवा संचालन गर्नको लागि समितिले छुट्टै मापदण्ड/कार्यविधि तयार गर्नुपर्नेछ। त्यस्तो किसिमको मापदण्ड/कार्यविधि तयार नहुँदासम्म नगरपालिकाको प्रचलित मापदण्ड/कार्यविधि बमोजिम संचालन गर्न बाधा पर्नेछैन।

**१७. शव गृह व्यवस्थापन :** अस्पताललले आफ्नो छुट्टै मापदण्ड अनुसारको शव गृहको व्यवस्थापन गर्नुपर्ने छ ।

**१८. प्रेषण सम्बन्धी व्यवस्था :**

(१) उपचारको लागी आएका बिरामीहरुलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पताललले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त

त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ। तर अस्पतालमा उक्त सेवा जनशक्ति र उपचार हुँन सक्ने अवस्था हुदा हुँदै प्रेषण गर्नु हुँदैन ।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरुको पूर्व पहिचान गरी सो को अद्यावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चतता गरेर मात्र पठाउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ।

(४) बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्यूनतम उपकरण र सेवा उपलब्ध गराउनुपर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीको ईच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन।

(७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका बिरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलिएत प्रदान गर्न सक्नेछ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था समितिले तोकेको मापदण्ड बमोजिम हुनेछ।

(९) प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ।

(१०) अस्पतालमा प्रेषण भइ आएका बिरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सो को विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरणहरु उल्लेख गरी डिस्चार्ज सारांश दिनुपर्नेछ।

(क) बिरामीको परिचय पत्र नं.

(ख) मुख्य समस्याहरु

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारांश

(घ) तत्काल गरिएको परीक्षणको सारांश

(ङ) उपचारको क्रममा भेटिएका तथ्य

(च) उपचारको क्रममा अपनाइएको प्रक्रिया

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(ज) गरिएको उपचारको विवरण

(झ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायाम, उपचार पद्धति, औषधीको मात्रा, प्रक्रिया तथा अवधि

(ञ) पुनः आउनु पर्ने वा नपर्ने जानकारी

(ट) निदानात्मक जाँचहरुको रिपोर्टको सारांश

(ठ) अन्य आवश्यक कुराहरु

## परिच्छेद-६

## सार्वजनिक निजि साझेदारी सम्बन्धि व्यवस्था

१९. सार्वजनिक निजि साझेदारीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने उद्धेश्यले पुर्वाधार संरचनाको निर्माण तथा प्रयोगशाला, फार्मेसीमा अपरेशन थिएटरको आधुनिकिकरण गर्न उद्धेश्यको लागि निम्नानुसारको पुर्ण वा आंशिक विशेषता भएको PPP ढाँचामा साझेदारी गरीनेछ ।

- प्रयोगशालाको आधुनिकिकरण, फार्मेसी सेवा विस्तार
- पुर्वाधार सेवाको निर्माण पुनःस्थापना वा आधुनिकिकरण गर्ने उद्धेश्यका लागि निजि निकायको पुर्ण वा आंशिक लगानी
- निजि निकायलाई पुर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसंग आवद्ध भुक्तानीको व्यवस्था भएको
- निजि निकायबाट पुर्ण वा आशिंक रुपले आम्दानीको जोखिम व्योहोर्ने व्यवस्था स्वीकार गरिएको
- आयोजनाको सम्झौता अवधी स्पष्ट भएको

२०. PPP आयोजनाको सम्भाव्यता अध्ययन गराई आयोजना संचालन प्रक्रिया सुरु गर्न स्वीकृति दिने नीतिगत समन्वय गर्ने कार्य कार्यपालिकाबाट हुनेछ ।

२१. **<u>योजनाको पहिचान र स्वीकृति सम्बन्धि व्यवस्था</u>**

- अस्पताल व्यवस्थापन समितिले PPP मा कार्यान्वयन गर्न सकिने कार्य/ आयोजना पहिचान गरी विवरण अध्यावधिक बनाईराखेनेछ ।
- समितिले विवरण राख्न आयोजनाको सम्भाव्यता अध्ययन गरी विवरण राख्नुपर्नेछ ।
- उपरोक्त वमोजिम कार्यपालिकाले आयोजना अघि बनाउने सहमति दिएमा सोको लेखाजोखा गरी व्यवस्थापन समितिले आयोजना कार्यान्वयनमा लग्नेछ ।

२२. **<u>खरिद प्रक्रिया सम्बन्धि व्यवस्था</u>**

क. अस्पताल व्यवस्थापन समितिले पहिचान र स्वीकृत भएका आयोजना खरिद प्रक्रिया सामान्यतया देहाय वमोजिम हुनेछ ।

- पूर्व योग्यताका लागि मनसायपत्र आव्हान गर्ने
- योग्यतामा छनौट भएका दरखास्तवालाको संक्षिप्त सूची तयार पार्ने
- प्रस्तावको मुल्यांकन गरी योग्य प्रस्ताव स्वीकृत गर्ने
- छनौट भएको प्रस्तावसंग आयोजना सम्झौता गर्ने

२३. <u>सोझै प्राप्त भएको प्रस्ताव मार्फत आयोजना कार्यान्वयन गर्न सकिनेः</u>

(१)निजि संस्थाबाट सोझै प्राप्त भएका प्रस्तावहरुलाई अस्पताल व्यवस्थापन समितिले आकर्षक र लाभदायी भएमा त्यस्तो प्रस्ताव पेश गर्ने, प्रस्तावकहरुलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ ।

(२)सम्भाव्यता अध्ययन प्रतिवेदन विश्लेषण गर्दा सो आयोजनाबाट सार्वजनिक हित हुने देखिएमा अस्पताल व्यवस्थापन समितिले कार्यपालिकामा सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

**२४. सम्झौता गर्नेः** कार्यापलिकाबाट सहमति प्राप्त भएपछि नगर अस्पताल र प्रस्तावक संस्था वा सोझै द्धिपक्षीय सम्झौता गरी कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-७

## व्यवस्थापन समितिको अध्यक्ष, सदस्य/अस्पताल प्रमुखसम्बन्धी व्यवस्था

**२८. व्यवस्थापन समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) नगरपालिका र वडा कार्यालय सँग समन्वय गरी अस्पतालको संचालन गर्ने,

२) समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन गर्ने,

३) बैठकको अध्यक्षता गर्ने,

४) अस्पतालको सेवा प्रवाह तथ कार्यको रेखदेख गरी निर्देशन गर्ने,

५) भौतिक पूर्वाधार, जनशक्ति तथा आर्थिक व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारसँग समन्वय गर्ने,

६) बैठकमा मत वरावर भएमा निर्णायक भूमिका खेल्ने,

७) अस्पतालको विकासका लागि नेतृत्वदायी भूमिका खेल्ने,

८) व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्ने गराउने

**२९. सदस्यको काम, कर्तव्य र अधिकार :** समितिका सदस्यहरुको काम कर्तव्य र अधिकार देहायानुसार हुनेछ।

१) बैठकमा सहभागी हुने,

२) अध्यक्षले तोकेको कार्यहरु गर्ने गराउने,

३) अस्पताल संचालन गर्न जनसहभागिता जुटाउन सहयोग गर्ने,

४) अस्पताल संचालन व्यवस्थापनका लागि वार्षिक कार्यक्रमको योजना तर्जुमा गरी निर्णयार्थ पेश गर्ने,

**३०. अस्पताल प्रमुखको रुपमा कार्य गर्ने : (क)** अस्पताल प्रमुखको रुपमा कार्य गर्ने गरि नगरपालिकाद्धारा एक जना प्रमुख कार्यकारी निर्देशकको रुपमा कार्य गर्न खटाईनेछ ।

(ख) अस्पतालका प्रमुख कार्यकारी निर्देशकले व्यवस्थापन समितिका अध्यक्षको प्रत्यक्ष नियन्त्रण र समन्वयमा रहि अस्पतालको दैनिक प्रशासन संचालन गर्नेछ।

**३१. अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार :** अस्पताल प्रमुखको रुपमा रहेको कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा एवं प्रशासन संचालन गर्ने।

(२) अस्पताल संचालनका लागि सरकारी तथा गैरसरकारी सँस्थाहरुसँग समन्वय गर्ने।

(३) अस्पताल संचालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी समितमा पेश गर्ने।

(४) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिवृद्धि गर्न, स्तरउन्नती गर्न तथा अन्य आवश्यक कार्यहरु गर्ने।

(५) अस्पतालको लेखा उत्तरदायी अधिकारीको रुपमा कार्य गर्ने।

(६) अस्पतालको आर्थिक नियन्त्रण जिन्सी व्यवस्थापन रेखदेख तथा निरीक्षण सम्बन्धी कार्य गर्ने।

(७) कर्मचारीहरुले पाउने अध्ययन बिदा, असाधारण बिदा बाहेक अन्य सम्पुर्ण बिदाहरु स्वीकृत गर्ने।

(८) आफ्नो भैपरी आउने बिदा, पर्व बिदा आफै स्वीकृत गर्ने र सो भन्दा अन्य बिदा लिनुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

(९) कर्मचारीहरुलाई कुनै संघ संस्थाले स्वदेशमा संचालन हुने तालिम, गोष्ठि, सेमिनार तथा अभिमुखीकरण कार्यक्रममा भाग लिनको लागि माग गरेमा त्यस्ता किसिमका तालिम, गोष्ठि, सेमिनार तथा अभिमुखीकरण कार्यक्रममा भाग लिन जानको लागि वा अस्पतालको कामको सिलसिलामा अन्यत्र जानुपर्ने भएमा काज स्वीकृत गर्ने।

(१०)अस्पताल प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष र अन्य कर्मचारीले अस्पताल प्रमुख समक्ष कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ।

(११) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने।

(१२) यस कार्यविधि बमोजिम नगरपालिकामा पेश गर्नुपर्ने विभिन्न प्रतिवेदन पेश गर्ने।

(१३) नगरपालिकाले दिएको निर्देशन बमोजिम कार्य गर्ने।

(१४) अस्पतालको स्वीकृत वार्षिक बजेट, निति तथा कार्यक्रम प्रचलित कानून अनुसार कार्यतालिका बनाई कार्यान्वयन गर्ने प्रमुख दायित्व कार्यकारी निर्देशकको हुनेछ।

(१५) अस्पताल संचालन ,व्यवस्थापन एवं सेवा प्रवाहको लागि प्रचलित कानून एवं यस कार्यविधि अनुसार सार्वजनिक खरिद प्राप्ती एवं भुक्तानी सम्बन्धी कार्य गर्ने।

(१६) अस्पतालबाट नियुक्त भएका जनशक्तिहरुको म्याद थप लगायत अन्य प्रशासनिक कार्यहरु गर्ने।

**३२. समितिका पदाधिकारीको पद मुक्त हुने अवस्था :** देहायका अवस्थामा पदाधिकारीको पद मुक्त भएको मानिनेछ।

१) सदस्यले अध्यक्ष समक्ष राजिनामा दिएमा,

२) अस्पताल व्यवस्थापन समितिका सम्पुर्ण पदाधिकारीहरुको कम्तिमा दुइतिहाई बहुमतबाट निजको विरुद्ध अभियोगको प्रस्ताव पारित गरेमा,

३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको अवस्थामा,

४) बिना सुचना लगातार तीन पटक भन्दा बढीको बैठकमा अनुपस्थित भएमा,

५) मानसिक समस्या भई पदिय जिम्मेवारी बहन गर्न नसक्ने अवस्था भएमा,

६) मृत्यु भएमा,

## परिच्छेद — ७

## सुचना, अभिलेखिकरण, गुनासो व्यवस्थापन

**३३. अस्पताल सुचना प्रणालीः** (१) अस्पतालबाट प्रदान गरीएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नु पर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सुचना नगरपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ ।

(३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखिकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अनुसार हुनेछ ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको बमोजिमको नागरिक वडापत्र अस्पतालको अग्र भागमा देखिने गरी राखु पर्नेछ र सेहीअनुरुप सेवाहरुको सुनिश्चतता गर्नु पर्नेछ ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राखु पर्नेछ ।

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीहरुलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्दछ ।

(७) अस्पतालभित्र प्रभावकारी सुचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नु पर्नेछ ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतनामुलक अभियान संचालन गरी जनसमुदायलाई जानकारी गराउनेछ ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीले तोके बमोजिम प्रेषण तथा LMIS मा प्रविष्टि गर्नु पर्नेछ ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्वन्धी व्यक्तिगत सुचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

**३४. गुनासो व्यवस्थापनः** (१) अस्पतालले सवैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटिका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक सूचना अधिकारी तोक्नेछ ।

## परिच्छेद — ८
## विस्तारीत अस्पताल सेवा सम्वन्धी व्यवस्था

३५. विशेषज्ञ चिकित्सकद्धारा प्रदान गरिने बिस्तारीत अस्पताल सेवा अन्तर्गत प्रवाह गरिने विशेषज्ञसेवाहरु निम्नानुसार हुनेछः

- हाडजोर्नी तथा नशारोग विशेषज्ञ सेवा
- मुटुरोग विशेषज्ञ सेवा
- बालरोग विशेषज्ञ सेवा
- रेडियोलोजी सेवा
- स्त्रीरोग सेवा
- ई.एन.टी. सेवा
- मनोरोग विशेषज्ञ सेवा
- छालारोग विशेषज्ञ सेवा
- युरोलोजिष्ट सेवा
- प्याथोलोजी सेवा
- फार्मेसी सेवा
- फिजियोथेरापी सेवा
- गाइनो एण्ड अव्स सेवा

माथि उल्लेखित विशेषज्ञ सेवाहरुमा थपघट गर्नु परेमा अस्पताल व्यवस्थान समितिको सिफारिसमा नगर कार्यपालिकाबाट स्वीकृत गराई गर्न सकिने छ । सो विशेषज्ञ सेवाहरुमा अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकहरु समेत समावेश गर्न सकिनेछ ।

**३६.** माथि उल्लेखित विशेषज्ञ सेवाहरु विस्तार भए पश्चात सेवाग्राहिको संख्या अत्याधिक वृद्धि भई नियमित समयमा मात्र सेवा संचालन गर्दा सेवाग्राहिलाई सेवा लिन असहज हुने हुँदा अस्पतालबाट प्रदान

गरिने सेवाहरुलाई व्यवस्थित तथा छिटो छरितो बनाउन दैनिक रुपमा बिहान ८ बजेदेखि ओ.पि.डि. दर्ता सुरु गरि बिरामी जाँच सुरु गरीनेछ साथै २४ सै घण्टा प्रयोगशाला, ईमरजेन्सी कक्ष, एक्सरे, फार्मेसी संचालन गरीनेछ ।

**३७.** विशेषज्ञ सेवाहरु प्रदान गर्ने चिकित्सकको सेवा सुविधाका हकमा Full Time सेवा उपलब्ध गराउने चिकित्सकहरुको लागि सरकारले तोकेको तलब स्केलको बढिमा शत प्रतिशत भत्ता थप गरि सेवा करार सम्बन्धी सम्झौता बमोजिम हुनेछ ।

**३८.** समय निश्चित गरि न्यूनतम २ घण्टामा नघट्ने गरी सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सकको तलब सुविधा न्यूनतम ३० हजारमा प्रति महिनामा नघट्ने गरि सेवा करार सम्बन्धी सम्झौता बमोजिम हुनेछ ।

**३९.** बिरामीको चाप बढि भएमा समयानुकुल तथा आवश्यकता अनुसार अस्पताल व्यवस्थापन समितिले निर्णय गरी चिकित्सकलाई प्रदान गरीने तलब सुविधा पुनरावलोकन गर्न सकिनेछ ।

**४०.** अस्पताल प्रशासन तथा नगरपालिकाको निर्देशन अनुसार चाहिएको खण्डमा यस नगरपालिकामा संचालन गरिने क्याम्पहरुमा खटाउन सकिनेछ ।

**४१.** सेवा करारमा अवधि भर महिनाको १ दिन भैपरी तथा पर्व विदा नेपाल सरकारले तोके सरह उपलब्ध हुनेछ ।

**४२.** विशेषज्ञ सेवा प्राप्त गर्न चाहने सेवाग्राहीले नेपाल सरकारको स्वास्थ्य बिमाको सेवाग्राही भए प्रति ओ.पि.डि रजिस्ट्रेसन बापतको रकम र बिमा बाहिरको सेवाग्राही भए प्रति व्यक्ति ओ.पि.डि.रजिस्ट्रेसन शुल्क बराबरको दरले टिकट काटि सेवा लिन सकिनेछ ।

**४३.** विशेषज्ञ सेवा अन्तर्गत बिरामी भर्ना गरि बिहान बेलुका राउण्ड लिएबापत प्रति राउण्ड ३०० (तिनसय) र अन्य Procedural गरेबापत सम्वन्धित प्रक्रियाको अस्पतालमा नियमानुसार तोकिएको शुल्कको ५० (पचास) प्रतिशत रकम चिकित्सकलाई प्रदान गरिनेछ ।

**४४.** माथि उल्लेखित विशेषज्ञ सेवाहरुमध्ये अस्पताल प्रशासनले आवश्यकताको आधारमा अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम दैनिक (फुल टाईम) , दैनिक (निश्चित समयको लागि) , हप्तामा कुनै दिन संचालन गर्न सकिनेछ ।

**४५.** निर्देशन दिन सक्नेः यस अस्पतालबाट प्रदान गरिने बिशेषज्ञ सेवाको प्रभावकारिता बृद्धि गर्न नगर प्रमुख तथा उप–प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतबाट अस्पताल प्रशासन तथा विशेषज्ञ चिकित्सकहरुलाई निर्देशन दिन सक्नेछ ।

**४६.** यस कार्यविधिको कार्यान्वयन गर्न आवश्यक आन्तरिक व्यवस्थापन गर्ने जिम्मेवारी अस्पताल प्रशासनको हुनेछ ।

# परिच्छेद — ९
# विविध

**४७. सेवा शुल्क सम्वन्धी व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिले निर्णय गरे बमोजिम हुनेछ । तर निःशुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाईने छैन ।

**४८. सेवा शुल्क छुट सम्बन्धी व्यवस्थाः** यस अस्पतालका कार्यरत कर्मचारी र परिवार तथा जनप्रतिनिधिहरुलाई यस अस्पतालबाट प्रदान गरिने तोकिएबमोजिमका सेवाहरुमा ५० प्रतिशत छुट व्यवस्था हुनेछ ।

**४९. अस्पतालको छापः** अस्पतालको सम्पुर्ण कामकारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ । छापको नमुना र आकार अनुसुची १ बमोजिम हुनेछ ।

**५०. साझेदारी गर्न सकिनेः** अस्पतालले अस्पतालको सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको आधुनिक प्रयोगशाला फार्मेसी सेवाको स्तरोन्नती, सरसफाई तथा फोहोर व्यवस्थापन, प्राविधिक शिक्षालय संचालन गर्न , क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव बाहान सेवाहरु व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न अस्पताल व्यवस्थापन समितिको स्वीकृतीमा आवश्यकता अनुसार प्रचिलत कानुन बमोजिम सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता लागत वा साझेदारीमा सेवा संचालन गर्न सक्नेछ ।

**५१. बैठक भत्ताः** समितिका सदस्यहरुले बैठकमा भाग लिएवापतको बैठक भत्ता तथा बैठक सम्बन्धी अन्य खर्च नगरपालिकाको आर्थिक नियमावली तथा मापदण्ड बमोजिम हुनेछ ।

**५२. वार्षिक प्रतिवेदन पेश गर्नेः** अस्पतालले वर्ष भरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**५३. निर्देशन पालना गर्नु पर्नेः** कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ । साथै नगरकार्यपालिकाको कार्यालयले दिएको निर्देशन पालना गर्नु अस्पताल प्रशासनको कर्तव्य हुनेछ

**५४. नगरपालिकालाई आर्थिक दायित्व सिर्जना गर्न नहुनेः** नगरपालिकाको स्वीकृति बिना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सिर्जना गर्नु हुदैन ।

**५५. अधिकार प्रत्यायोजन गर्न सक्नेः** समितिले आफुलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५६. कार्यविधिको पालना गर्नु पर्नेः** यस कार्यविधिको पालना गर्नु नगरपालिकाद्धारा संचालित सरकारी अस्पतालको दायित्व हुनेछ ।

**५७. व्याख्या गर्ने अधिकारः** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्धिविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आईपरेमा नगरकार्यपालिकाले सोको व्याख्या गर्नेछ ।

**५८. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**५९. संशोधन गर्नुपरेमा** : यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्नेछ ।

................................

आज्ञाले
पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकावाट स्वीकृत मितिः २०८०।१२।०४
प्रमाणिकरण मितिः २०८०।१२।०४